पोखरा उपत्यका साइडसिन घुम्न जाऊँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २७ गते बुधबार ❑ 9 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–


## चीनको छेन्दुबाट धेरै नेपाली भएका देशहरुमा ट्रान्जिट प्वाइट बनाउन पोखरेलीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

पोखरा देखि चिनको छेन्दु सिधा हवाई उडानको हाल व्यवसायिक चार्टर्ड उडाई जारी रहेकोले यसलाई दिगो रुपमा संचालन गर्न धेरै नेपालीहरु रहेका देशहरुको ट्रान्जिट प्वाइट समेत छेन्दु अन्तराष्ट्रिय विमानस्थललाई बनाउन पोखरेलीहरुले माग गर्नु भएको छ।

पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट चीनको छेन्दुमा गरिएको पहिलो व्यावसायिक चार्टर्ड उडानका सहभागीलाई सहभागिताको प्रमाणपत्र वितरण गर्ने कार्यक्कममा सहभागि पर्यटन व्यवसायीहरुले पोखरा देखि चिनको छेन्दुमा अन्तराष्ट्रिय ट्रान्जिट प्वाइट बनाउन सके दिगो रुपमा उक्त रुटमा पर्यटक ओहोर दोहोर हुने दाबी गर्नु भएको हो।

पोखरा पर्यटन परिषदले पोखरामा सोमबार साँझ आयोजना गरेको उक्त कार्यक्कममा बोल्दै परिषदका संस्थापक अध्यक्ष असोक पालिखेले चिन हाल विश्वकै नमुना देशको रुपमा विकसित भएको दाबी गर्नु भयो । पोखरा देखि चिन जाने विभिन्न पेशा तथा व्यवसायमा आबद्ध भएकाहरुलाई त्यहाँको ज्ञान र सिप समेत हस्तान्तरण हुने गरी व्यवसायीक प्रबर्द्धन गर्नुपर्ने उहाँको जोड थियो । विश्वका धेरै मुलुकहरु आफुले अवलोकन गरे पनि चिन भ्रमण गर्ने अवसर बल्ल मिलेको बताउदै संस्थापक अध्यक्ष पालिखेले पोखरा ल्हासा तर्फ जान तयार रहेको उल्लेख गर्नुभयो। पोखराका मेयर धनराज आचार्यको नेतृत्वमा पहिलो व्यवसायी चार्टर्ड उडानमा पोखरा देखि छेन्दु चैत ५ गते देखि १२ गतेसम्म पोखराका पर्यटन व्यवसायी, पत्रकार सहितको टोलीले भ्रमण गरेको परिषदका महासचिव जीवनराज सापकोटाले बताउनु भयो । टोलीले छेन्दु, लुजाउ, छोडछिङ लगायतका शहर हरुका पर्यटकीय गन्तव्यमा पुगेको थियो भने छेन्दु र छोडछिङमा व्यवसायीक प्रबर्द्धन गर्न सेल्स मिसन बिज्नेस टु बिज्नेस (बी टु बी) कार्यक्रमले पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन हुने नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले बताउनु भयो।

पोखराका मेयर आचार्यले सिचुवान एअरलाइन्सको व्यवसायीक १० वटा फ्लाइट मध्य ३ वटा पोखरेलीहरुले चार्टर्ड गरेर देखाउनु पर्नेमा अब तेश्रो चार्टर्ड पोखरा देखि छेन्दु वैशाख २ गते हुने उक्त व्यवसायीक चार्टर्डमा सहभागि भई चिन घुम्न व्यवसायीहरुलाई आग्रह गर्नुभयो । चैत १९ गते उद्योग बाणिज्य संघको १ सय २० सदस्य टोली चिनको छेन्दु प्रस्थान गरेको थियो । पहिलो फ्लाइटमा सहभागिहरुले १ लाख २७ हजारको प्याकेजमा ७ रात ८ दिनको भ्रमण गर्नु भएको थियो भने दोश्रो उडानमा सहभागिहरुले ९९ हजार प्याकेजमा छेन्दु जानु भएको हो । टोली छेन्दु र इमाई मात्र प्याकेजमा ५ रात छेन्दुमा र टिकट पनि जहाँ गइन्छ आफै खर्च गर्ने गरी गरिएकोले गर्दा पहिलो टिमको भन्दा खर्चीलो भएको मेयर आचार्यले जनाउनु भयो। तेश्रो फ्लइट भर्न सबैले साथ सहयोग गरेर पोखराबाट एउटा टिम चिन भ्रमणमा विहिबार भित्र भिषा प्रकया अघि बढाउन मेयर आचार्यले आग्रह गर्नुभयो। पोखरा ल्हासा फ्लाइट समेत नियमित उडान गर्न अन्य देश तथा शहरमा भ्रमणमा जाने पर्यटकहरुलाई ल्हाला फ्लाइट गर्न समेत मेयर आचार्यले जनाउनु भयो। सहकारीको नेतृत्वमा तेश्रो व्यवसायीक चार्टर्ड फ्लाइट हुने तयारी भएको परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो।

पोखरादेखि अन्तर्राष्ट्रिय उडानको सम्भावना भएर व्यावसायिक चार्टर्ड उडान गरिएको मेयर आचार्यको भनाई थियो। कुन्मिन, ल्हाला, छेन्दुबाट पोखरासम्म करिब ३ घण्टामै उडान गर्न सकिने छोटो रुट रहको उहाँले दाबी गर्नु भयो । छेन्दु, लुजाउ, छोडछिङ लगायत सहरमा भएका व्यवसायीक प्रबर्द्धन कार्यक्रमले दुई देशबिचको सम्बन्धसँगै पर्यटकीय साझेदारीलाई उजागर गरेको बताउँदै मेयर आचार्यले सिचुवान एयरलायन्सको धेरै देशमा रहेको सञ्जालको अधिक प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । सम्बन्धित एअरलाइन्सहरुले पनि अब चासो देखाउदै सम्भावना भएका क्षेत्रमा सिधा उडानको लागि बिषेश पहल सहित नियमित स्याडुल प्रकाशन गर्नुपर्ने पोखरा भ्रमण बर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराईले बताउनु भयो। पोखराका नीजि क्षेत्रबाट सुरु भएको उक्त अभियान सरकार र सम्बन्धित एअरलाइनसहरुले अब अपनत्व लिनुपर्ने उहाँको भनाई छ।

## गण्डकी प्रदेशमा स्वास्थ्य बिमितको संख्या ४९ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

गण्डकी प्रदेशमा स्वास्थ्य बिमा कार्यक्रममार्फत बिमितको सङ्ख्या ४९ प्रतिशत पुगेको छ।

नवौँ स्वास्थ्य बिमा दिवसका अवसरमा स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेश कार्यालयद्वारा सोमबार पोखरामा आयोजित कार्यक्रममा प्रदेशको कूल जनसङ्ख्या २४ लाख ६६ हजार ४२७ रहेकामा यही चैत २५ गतेसम्म बिमित हुनेको सङ्ख्या १२ लाख सात हजार १७२ पुगेको जानकारी दिइएको हो।

कार्यक्रममा स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेशका संयोजक जीवलाल खेरलले प्रदेशमा बिमित हुनेको सङ्ख्या सकारात्मक रूपमा अघि बढिरहेको बताउँदै आमसर्वसाधारणलाई बिमामा समेट्ने गरी प्रयास भइरहेको उल्लेख गर्नुभयो । विश्वव्यापी रूपमा स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बन्दै अघि बढेको उल्लेख गर्दै उहाँले नेपालमा पनि यसलाई समयसापेक्ष सुधार गर्दै लगिएको जानकारी दिनुभयो । नेपालमा स्वास्थ्य बिमाप्रति सकारात्मकभन्दा पनि नकारात्मकप्रचारगर्नेप्रवृत्ति कायम रहेको बताउँदै संयोजक खेरलले सकारात्मक सूचना प्रवाह गर्दै सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । गण्डकी प्रदेश, स्वास्थ्य मन्त्रालयका स्वास्थ्य प्रशासक एवं गण्डकी प्रदेश स्वास्थ्य बिमा संयोजन समितिका सदस्य-सचिव डा रमेश केसीले विश्वमा १४२ वर्षअघिदेखि सुरु भएको स्वास्थ्य बिमा नेपालमा नौ वर्षयता सञ्चालनमा रहेको जानकारी दिनुभयो। शिशु अवस्थामा रहेको यस कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो । सेवाग्राही, सेवा प्रदायक अस्पताल र स्वास्थ्य बिमा बोर्डको त्रिकोणात्मक समन्वय आवश्यक रहेको बताउँदै उहाँले यस कार्यक्रमको प्रभावकारितासँगै गुणस्तरीयता अभिवृद्धिमा जोड दिनुपर्ने बताउनुभयो । उपचारमा आमसर्वसाधारणको सहज पहुँच पुर्‍याउन स्वास्थ्य बिमा कार्यक्रममा सबैलाई समेट्दै यसलाई अझै प्रभावकारी बनाउनु आवश्यक भएको उहाँको भनाइ छ।

कार्यक्रममा मणिपाल शिक्षण अस्पतालका रविन्द्र ठाकुर, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका विद्या बास्तोला, दृष्टि आई अस्पतालका शिव पोखेल, मातृ शिशु अस्पतालका ओम थापा, दर्ता अधिकारीहरू गोमादेवी अधिकारी, प्रमिला पौडेल, तेजबहादुर दर्लामी, गौतमसिंह धामीलगायतले स्वास्थ्य बिमाको विद्यमान अवस्था, चुनौतीलगायत विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो।

## गण्डकी प्रदेशसभाको हिउँदे अधिवेशन अन्त्यका लागि सिफारिस

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

गण्डकी प्रदेश सरकारले प्रदेशसभाको हिउँदे अधिवेशन अन्त्यकालागिप्रदेशप्रमुखडिल्लीराज भट्टसमक्ष मंगलबार सिफारिस गरेको छ।

प्रदेश मन्त्रिपरिषद्को बैठकले बुधबार राति १२ बजदेखि अधिवेशन अन्त्य हुने गरी प्रदेश प्रमुख भट्टसमक्ष उक्त सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले जानकारी दिनुभयो।

गत माघ २१ गते सुरु भएको हिउँदे अधिवेशनबाट ६ विधेयक पारित भएका र १० विधेयक प्रदेशसभामा पेस भएका प्रदेससभा सचिवालयले जनाएको छ । यस अधिवेशनबाट गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन र व्यवस्थापन गर्न बनेको विधेयक, सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मतसम्भार, प्रदेश निजामती ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक, जीवनाशक विषादी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राजतन्त्र फर्कन्छ भन्ने कुरा दिउँसै देखेको सपना मात्रै हो : प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, २६ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले राजतन्त्र फर्कन्छ भन्ने कुरा दिउँसै देखेको सपना मात्र भएको बताउनुभएको छ।

सिरहा सदरमुकाममा नेकपा (एमाले) को ११औँ जिल्ला अधिवेशनको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजतन्त्रका पक्षधर कस्ता हुँदा रहेछन् भन्ने कुरा यही चैत १५ गतेको उनीहरुको क्रियाकलापले स्पष्ट पारिसकेको उल्लेख गर्दै नेपाली जनताले राजतन्त्रलाई नस्वीकार्ने बताउनुभयो। "राजतन्त्र फर्किन्छ भन्ने कुरा राति देखेको सपना पनि होइन, दिउँसै देखेको सपना हो। यो कुनै काम लाग्दैन। चैत १५ गतेको उनीहरुको क्रियाकलापले त्यो सपना भङ्ग भइसक्यो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "राजतन्त्रका पक्षधर कस्ता हुँदारहेछन् भन्ने नेपाली जनताले देखिसके । त्यस्ताको हातमा शासन गयो भने देशमा के हुन्छ होला ? तर, जानेवाला छैन। म आम नेपाली जनतालाई ढुक्क रहन आग्रह गर्दछु।"

व्यक्तिको घरघरमा गएर आगो लगाउने, औषधि निर्माण कम्पनीमा आगो लगाउने, सञ्चार गृहमा आगो लगाउने, भित्र मान्छे थुनेर आगो लगाएर मार्ने, लुटपाट मच्चाउनेजस्ता विध्वंसकारी तथा अराजक तत्वलाई कुनै हालतमा स्वीकार गर्न नसकिने प्रधानमन्त्री ओलीले स्पष्ट पार्नुभयो।

सरकारको ध्यान सुशासन, विकास र समृद्धिमा केन्द्रित रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय आकांक्षा साकार पार्न आफू लागिपरेको बताउनुभयो । त्यकका लागि सामाजिक न्याय, समानता, समावेशीता र समानुपातिक प्रणालीलाई अझ प्रभावकारी बनाई लोकतन्त्रलाई मजबुत बनाई छाड्ने उहाँले सङ्कल्प गर्नुभयो । प्रधानमन्त्री ओलीले सम्बोधनका क्रममा धनुषा र सिरहा जोड्ने हुलाकी सडकको कमला पुल समयमै निर्माण सम्पन्न गरी यातायात सञ्चालन गर्न सरकारले विशेष ध्यान दिएको बताउनुभयो।

कार्यक्रममा एमाले केन्द्रीय सचिव रघुवीर महासेठ, पार्टीका मधेस प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठ, मधेस प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । यसअघि प्रधानमन्त्री ओलीले आजै जनकपुरमा मधेस प्रदेशसभालाई सम्बोधन गर्नुभएको थियो।

## अन्नपूर्ण आरोहण सुरु, एकै दिन ३२ आरोही चुचुरोमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ चैत

म्याग्दीमा रहेको अन्नपूर्ण हिमालमा चालु वसन्त यामको आरोहण सुरु भएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ। आरोहण सुरु भएको पहिलो दिन सोमबार बिहान ८ देखि ११ बजेको बीचमा नेपाली शेर्पा र विदेशी पर्वतारोहीसहित ३२ जनाले सफल आरोहण गरेका नेपाल पर्वतारोहण सङ्घले जनाएको छ।

सङ्घका महासचिव मोहन लम्सालले सेभेन समिट ट्र्याकबाट नौ, पायनियर एडभेन्चरबाट आठ, आठके एक्सपिडेसन बाट नौ, इमाइजिन नेपालबाट तीन र मकालु एभेन्चरबाट दुईजनाले अन्नपूर्णको सफल आरोहण गरेको जानकारी दिनुभयो। अन्य दिनको तुलनामा सोमबार मौसम अनुकूल भएकाले धेरै आरोही अन्नपूर्णको शिखरमा पुग्न सफल भएको उहाँले बताउनुभयो।

आरोहण टोलीका दुईजना शेर्पा हिउँपहिरोमा बेपत्ता भएका छन्भने अरू सकुशल आधार शिविर फर्किएका छन् । क्याम्प दुई र तीनको बीचमा हिउँ पहिरो आउँदा बेपत्ता भएका सोलुखुम्बुका रिमा शेर्पा र निमा टासी शेर्पाको खोजीमा हेलिकप्टर र शेर्पाको टोली परिचालन गरिएको छ । आरोही मिग्मा शेर्पाले धेरै जोखिम मोलेर अन्नपूर्णको आरोहण गर्न सफल भएको सामाजिक सञ्जाल 'फेसबुक' मा लेख्नुभएको छ। "सुक्खा अवस्था, धेरै दरार, क्याम्प दुई र क्याम्प तीनबीचको घातक हिमपहिरोले ज्यान बचाउन कठिन भयो", उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "अठोट र साहसका कारण चुचुरोमा पुगेर यो सुन्दर हिमाललाई बिदाइ गरे, अन्नपूर्णको सुन्दरताले मलाई सधैँ आकर्षित गर्दथ्यो, तर अब यहाँ मेरो ज्यान जोखिममा पार्न सक्दिनँ।" वसन्त याममा अन्नपूर्ण आरोहणका लागि ६६ जनाले अनुमति लिएका छन् । गत वर्ष जम्मा २५ जनाले मात्र अनुमति लिएका थिए । चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा आरोही, शेर्पा, पथप्रदर्शक, मजदुर र पर्यटकहरूले भरिएको छ।

अन्नपूर्णको अहिलेसम्म ५२० जनाले सफल आरोहण गरेका पर्यटन विभागले जनाएको छ । सन् १९५० मा फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण पहिलोपटक आरोहण गर्नुभएको थियो। प्रथम आरोही मौरिस हर्जोग आरोहणका क्रममा प्रयोग गरेको बाटोलाई पहिचान गरेर नारच्याङ-आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग निर्माण गरिएको छ।

गाउँपालिकाको केन्द्र पोखरेबगरबाट २२ किलोमिटरसम्म

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# केपी ओली राष्ट्रिय टी २० जारी : गण्डकी हिरोज र हिमालयनको जित

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

पोखरामा जारी दोस्रो संस्करणको केपी ओली कप टी २० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा गण्डकी हिरोज र हिमालयन क्रिकेट एकेडेमीले आ-आफ्नो खेलमा जित हासिल गरेका छन् ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशाला स्थित क्रिकेट मैदानमा जारी प्रतियोगिताको चौथो दिन समूह 'बी' तर्फका दुई खेल सम्पन्न भए। मंगलबारको पहिलो खेलमा हिमालयन क्रिकेट एकेडेमीले ग्रेट हिमालयन क्रिकेट एकेडेमीमाथि २ विकेटको जित हासिल गरेको छ । १६३ रनको विजयी लक्ष्य पाएको हिमालयन क्रिकेट एकेडमीले १९.२ ओभरमा ८ विकेट गुमाउँदै १६७ रन बनाउँदै जित हासिल गऱ्यो। हिमालयनका ओपनर दिपक बोहोरा 'बी' ले ३३ रनको योगदान दिदै क्याच आउट भए। उनले २९ बलमा ३ चौका र १ छक्का प्रहार गरे । दिपक बोहोरा १ रनमा क्याचआउट भए । खडक बोहोरा १९ मा क्याचआउट र प्रतिश जिसी १० रनमा बोल्ड भए । हिमाल दुल्याल ५ र अभिषेक बुढायर ९ रनमा आउट भए। सोनु देवकोटा ३६ रनमा नटआउट रहे । उनले २१ बलमा १ चौका र ३ छक्का प्रहार गरे । दिपेश विष्ट शुन्यमै पेभिलियन फर्किए। प्रकाश जैसी १४ रनमा आउट हुँदा दिपक चन्द २७ रनमा नटआउट रहे । उनले



१० बलमा १ चौका र ३ छक्का प्रहार गरे। ग्रेट हिमालयका लागि सन्दिप पराजुली, किरण बुढायर र इशान पाण्डेले समान २/२ तथा चन्द्रकान्त पौडेल र रुपेश कुमार श्रीवास्तबले १/१ विकेट लिए।

त्यस अघि टस हारेर ब्याटिङ थालेको ग्रेट हिमालय क्रिकेट एकेडेमीले २० ओभरमा ९ विकेट गुमाउदै १६२ रन बनायो। अभिषेक थापा ४२ रनमा नट आउट रहे । उनले ३४ बलमा ४ चौका र १ छक्का प्रहार गरे। किरण बुढामगर १ रनमा नट आउट रहे । ओपनर इशान पाण्डे १४ रनमा क्याच आउट भए। कृष कार्की १६ रनमा क्याछ आउट भए । दिपेश बुढा मगर शुन्यमै पेभेलियन फर्कीए।

उत्तम रंघु थापा मगर १७ रनमा क्याच आउट भए। अशोक पौडेल ३७ रन बनाउदै क्याच आउट भए। उनले २६ बलमा ४ चौका र २ छक्का प्रहार गरे । दिपक केवत १३ रनमा क्याच आउट भए । रुपेश कुमार श्रीवास्तव ८ रनमा क्याच आउट भए भने चन्द्रकान्त पौडेल ६ रनमा बोल्ड भए । सन्दिप पराजुली शुन्यमा पेभेलियन फर्किए।

हिमालय क्रिकेट एकेडेमीका लागि प्रतिश जिसि, प्रकाश जैशी, दिपक बोहोरा र सुवास खत्रीले समान २/२ विकेट लिए भने दिपक चन्दले १ विकेट लिए । उक्त खेलको प्लेयर अफ दी म्याच हिमालयनका दिपक चन्द घोषित भए । दोस्रो खेलमा गण्डकी हिरोजले चितवन क्रिकेट क्लब माथि ४ विकेटको जित हासिल गरेको छ । १३६ रनको विजयी लक्ष्य पाएको गण्डकी हिरोजले १३.३ ओभरमा ६ विकेट गुमाउँदै १३९ रनका साथ लक्ष्य पुरा गऱ्यो। गण्डकीले उत्कृष्ट सुरुवात गरेको थियो। ओपनर सक्वि हुकले ४२ रनको योगदान दिदै क्याच आउट भए। उनले २० बलमा ६ चौका र २ छक्का प्रहार गरे । अर्जुन कुमालले ३७ रनको योगदान दिदैँ बोल्ड आउट भए। उनले २० बलमा ७ चौका प्रहार गरे। दिपक डुम्रे १८ रनमा बोल्ड भए। सुजन थपलिया शुन्यमा एल्बी डब्लु आउट भए । बसन्त कार्की ९, अमिर गुरुङ ६ रनमा आउट भए। मिलन बोहोरा ५ र सुदिप अर्याल १ रनमा नटआउट रहे।

चितवनका लागि दिपेश श्रेष्ठले सर्वाधि ३ विकेट लिएपनि टोलीलाई जित दिलाउन भने सकेनन् । उनले ३ ओभरमा २५ रन खर्चेर ३ विकेट लिएका हुन् । यस्तै किरण गुरुङ, कमल परियार र प्रतिक श्रेष्ठले समान १/१ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ थालेको चितवन क्रिकेट क्लबले २० ओभरमा ९ विकेट गुमाउँदै १३५ रन बनायो। ओपनर आसुतोस घिराया १६ रनमा रनआउट भए । गोविन्द विक १२ रनमा रनआउट भए। विवेश रानामगर १६ रनमा क्याचआउट भए । प्रतिक श्रेष्ठले ३९ रन बनाउँदै क्याचआउट भए । उनले २७ बलमा ३ चौका र २ छक्का प्रहार गरे । गौतम केसी १२ रनमा एलबी डब्लु आउट भए। दिपेश श्रेष्ठ २ रनमा क्याच आउट भए । कमल परियार ५ रनमा क्याच आउट भए। रिजन काफ्ले ३ रनमा आउट भए भने क्रिजन गुरुङ ३ रनमा रनआउट भए । सुर्यान्सु कोइराला १७ र नरेश प्रधान शुन्यमा नटआउट रहे । सुर्यान्सुले १० बलमा २ चौका र १ छक्का प्रहार गरे । गण्डकी हिरोजका लागि सुदिप अर्यालले २ तथा विपिन खत्री, कृष्ण पोडेल, नारायण जोशी, मिलन बोहोराले समान १/१ विकेट लिए । खेलको प्लेयर अफ दी म्याच गण्डकी हिरोजका सक्वि हुक घोषित भए।



त्यालीमा जातीय पोशाकमा सहभागीहरु : गुरूङ(तमु) समुदायको मौलिक तथा सांस्कृतिक पर्व ट्होँटेका अवसरमा तमु धि नेपालको आयोजनामा मङ्गलबार पोखरामा निकालिएको त्यालीमा जातीय पोशाकमा सहभागीहरु। हरेक वर्षको साउन र चैत महिनाको अन्तिम मङ्गलबार यो पर्व मनाउने गरिन्छ। तस्बिरः कृष्ण दवाडी/रासस

# आलुको पहाडसँगै तस्विर खिच्नेको भीड

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

१३ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव सुरुवातीसँगै त्यहाँ आलुको पहाडसँगै तस्बिर खिचाउनेहरुको बाक्लो उपस्थिती देखिएको छ।

कतिपय सेल्फीमा रमाएको भेटिन्छ भने कतिपयलाई आलुको पहाडसँग माया साट्दै तस्बिर कैद गर्न भ्याइनभ्याई छ । यतिसम्मकी महोत्सवमा पुग्ने प्राय सबैले आलुको पहाडसँगै आ-आफ्नो तस्विर खिच्ने गर्नुभएको छ र सामाजिक संजालमा राख्ने पनि ।यहि चैत २४ गतेबाट सुरु १३ औं महोत्सव वैशाख ३ गतेसम्म चल्नेछ ।यतिवेला महोत्सवको मुख्य आकर्षणका रुपमा आलुको पहाडसँगै तस्विर खिच्ने कार्य हुन पुगेको महशसु गर्न सकिन्छ।

तस्विर खिच्न बुढा, पाका देखि अनुज एवम् तन्नेरी पुस्ता समेत हैसिएको भेटिन्छ ।सम्भना पनि हुन्छ, कृषि उपजका नाममा महोत्सव हुनु आफैमा महत्वपूर्ण पनि छ, हेमजा कृषिका लागि उर्वर भूमि हो मंगलबार आज आलुको पहाडसँगै तस्विर कैद गर्दै गर्नुभएकी स्याङजा सेतीदोभान हाल छोरेपाटन निवासी जानुका ढकालले बताउनुभयो । मंगलबारसम्म



२५ हजार दर्शक बढीले आलु महोत्सव अवलोकन गरेकोमा ४ सय ५० घरपरिवारले आलु खरिद गरी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक जयराम तिम्सिनाले जानकारी दिनुभयो ।उहाँले हालसम्म ५ लाख बढीको आलु कारोवार भएको पनि सुनाउनुभयो।

महोत्सव अन्तर्गत मंगलबार आज रत्यौली गीत प्रतियोगिता सुरु गरिनुका साथै कलाकारहरु खुमन अधिकारी, जीवन दाहाल, नविन पौडेल, नविना सुवेदी, अमर धिताल, परशुराम अधिकारी, शान्ता बर्देवा, हास्य कलाकार दिपक थापाका प्रस्तुतिहरु रहे।

त्यस्तै भोली बुधबार कलाकारहरु ज्योति मगर, जीवन दाहाल, रामजी पौडेल, तुलसा क्षत्री, सुमन खड्का, परशुराम अधिकारी, दुर्गा क्षत्री तथा हास्य कलाकारहरु युवराज भण्डारी र राजेन्द्र नेपालीका प्रस्तुतिहरु रहने मूल आयोजक समितिका अध्यक्ष वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो।

महोत्सवमा आलु लगायत अन्य सामग्री समेत गरी आज मंगलबारसम्म करिव २५ लाखको कारोवार भएको पनि श्रेष्ठले बताउनुभयो । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटविरुवा परीक्षण तथा रोगको निदान रहेका छन् । त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारहरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि रहेका छन्।

# एबिसी भेट्रान्समा क्वाटर फाइनलका खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

पोखरा रंगशालामा जारी तेश्रो एबिसी फोर्टी फाइभ प्लस एट ए साइड फुटवलमा क्वाटर फाइनल तर्फका खेलहरु सम्पन्न भएका छन । सोमबारदेखि जारी रहेको एबिसी कपमा मंगलबार क्वाटर फाइनल तर्फका ४ खेल सम्पन्न भएका हुन।

मंगलबार सम्पन्न पहिलो क्वाटर फाइनल खेलमा हेटौडाले एक्स वरियरलाई ४-० गोल अन्तरले पराजित गर्दै सेमि फाइनलको यात्रा तय गर्यो। उक्त खेलमा हेटौडाका विष्णु सुनुवार प्लेयर अफ दी म्याच घोषित भए । दोश्रो खेलमा चितवन भेट्रान्सले संगम भेट्रान्सलाई ४-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गर्यो । उक्त खेलमा चितवनको तर्फबाट धर्मेन्द्र शाही र रविन्द्र श्रेष्ठले २-२ गोल गरेभने प्लेयर अफदी म्याच रबिन्द्र श्रेष्ठ घोषित भए । यस्तै



एस.एन.के.सि भेट्रान निलोले ढोलाहिटी फ्रीडम फाइटरलाई १-० ले स्तब्ध पार्यो। ढोलाहिटी लगातार दुई पटकको च्याम्पियन टिम समेत हो । एस.एन.के.सि. को जितमा प्रकाश रानामगरले गोल गरे । उक्त खेलमा प्रकाश राना मगर प्लेयर अफ दी म्याच घोषित भए। त्यस्तै रुपन्देही ११ भेट्रानले बगर भाइखलकलाई १-० ले पाखा लगायो । रुपन्देहीको जितमा पुर्ण बहादुर लामाले गरेको एक गोलनै निर्णायक बन्न पुग्यो । खेलमा लामा प्लेयर अफ दी म्याच घोषित भए । प्रतियोगिताको बिजेताले १ लाख ५५ हजार ५ सय ५५, ट्रफी र मेडल प्राप्त गर्नेछनभने उपबिजेताले ७७ हजार ७ सय ७७, ट्रफी र मेडल प्राप्त गर्ने क्लबका सचिव बिजय घिमिरेले जानकारी दिए।

## गण्डकी...

व्यवस्थान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, कर असुलसम्बन्धी विधेयक र केही गण्डकी प्रदेश ऐन खारेज गर्ने विधेयक पारित भएका थिए।

अधिवेशनमा विद्युत् विकास, औद्योगिक ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक तथा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेशसभामा पेस भएको छ । यस्तै दलित अधिकार तथा सशक्तीकरण, अपाङ्गता भएका व्यक्तिको अधिकार, खानी तथा खनिज, भवन निर्माण तथा बस्ती विकास, खाद्य अधिकार तथा खाद्य गुणस्तर, जनस्वास्थ्य सेवासम्बन्धी र घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेशसभामा पेस गरिएको छ।

ती विधेयकमाथि प्रदेशसभामा सामान्य सैद्धान्तिक छलफलपछि दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवेदीले जानकारी दिनुभयो।

# हिमपहिरोमा बेपत्ता शेर्पा भेटिएनन्

पोखरापत्र संवाददाता
म्याग्दी, २६ चैत

अन्नपूर्ण हिमालमा हिउँपहिरोमा परी दुई दिनदेखि दुईजना शेर्पा बेपत्ता छन् ।

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको दोस्रो र तेस्रो शिविरको बीचमा गत सोमबार दिउँसो आएको हिउँपहिरोमा परेर सोलुखुम्बुका रिमा शेर्पा र निमा टासी शेर्पा बेपत्ता हुनुभएको थियो । सेभेन समिट ट्रेकबाट आरोहीको सहयोगी (शेर्पा) का रूपमा हिमालमा गएका उनीहरुको मंगलबार बिहानैदेखि हेलिकप्टरमार्फत खोजी गरे पनि फेला पार्न नसकिएको उद्धारमा खटिनुभएकाअन्नपूर्णगाउँपालिका-३ दानाका इन्द्रसिंह शेरचनले बताउनुभयो। "मङ्गलबार दिउँसो कैलाश र प्रभुको हेलिकप्टरबाट सेभेन समिटका शेर्पासहितको टोलीले खोजी गऱ्यौं तर फेला पार्न सकिएन", उहाँले भन्नुभयो, "क्याम्प दुई र तीनको बीचमा निरन्तर हिमपहिरो खसेको छ।" खोजी कार्यमा ड्रोन क्यामेराको पनि प्रयोग गरिएको छ।

अपराह्नदेखि मौसम खराब भएपछि आधार शिविर फर्किएको उद्धार टोली बुधबार बिहान पुनः त्यसतर्फ जाने भएको छ। टोलीले आरोहणका लागि तेस्रो शिविरमा पुगेका चार जना आरोहीहरूलाई हेलिकप्टरमार्फत आधार शिविर झारेको छ। हिमपहिरोका कारण अन्नपूर्णको चुचुरोमा पुग्ने बाटो र ठाउँठाउँमा राखिएका भऱ्याङ भत्किएको शेरचनले जानकारी दिनुभयो।

सोमबार बिहान ८ देखि ११ बजेको बीचमा ३२ जनाले अन्नपूर्ण आरोहण गरेका थिए। चालु वसन्त याममा अन्नपूर्ण आरोहणका लागि ६६ जनाले अनुमति लिएका छन्।

# 'कांग्रेसभित्र समीक्षा जरुरी'

रासस
चितवन, २६ चैत

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीभित्र आन्तरिक समीक्षाको जरुरी रहेको बताउनुभएको छ।

नेपाली कांग्रेस चितवनले मंगलबार यहाँ आयोजना गरेको ३५ औं जनआन्दोलन दिवसको सन्दर्भ तथा नयाँ वर्ष २०८२ को शुभकामनासहित कांग्रेस नेता 'भीमबहादुर श्रेष्ठको जीवन सङ्घर्ष र अनुभूतिहरु' पुस्तक विमोचन तथा भित्तेपात्रो लोकार्पण गर्दै उहाँले कांग्रेसभित्रको समीक्षा हुन नसक्दा लक्ष्यमा पुग्न कठिन भएको बताउनुभयो। उहाँले भन्नुभयो, "विसं २०६२/०६३ को जनआन्दोलन पछिका वर्षहरुमा कांग्रेस कहाँनेर चुक्यो भन्ने कुराको समीक्षा जरुरी छ ।" उहाँले भन्नुभयो, "हामीले राम्रा काम पनि गरेका छौं तर नराम्रा कामहरुको समीक्षा गरेर अघि बढ्न सके लक्ष्यमा पुग्न सकिन्छ।" कांग्रेस कमजोर हुँदा लोकतन्त्र कमजोर भएको बताउँदै उहाँले कांग्रेसलाई बलियो बनाउन गुटको अन्त्य आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "कांग्रेसलाई बलियो बनाउने हो भने चिया पसलमा बसेर कांग्रेसको खुट्टा तान्ने काम नगरौं।

## अन्नपूर्ण ...

सवारी साधनको यात्रा गरी होमखोलासम्म पुगेपछि त्यहाँबाट २१ किलोमिटरको पदैलयात्राबाट आधार शिविर पुग्न सकिन्छ । पदमार्गमा रहेको फुतफते झरना, आधार शिविरमा रहेको आकर्षक पञ्चकुण्ड ताल र हिमालको प्राकृतिक सुन्दरताले गर्दा यो क्षेत्र पछिल्लो समय नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर।

– पल क्लिथेरोई

## सम्पादकीय

# वार्ता र संवादमा जाऊ

चैत २० गतेदेखि देशभरका शिक्षकहरू काठमाडौंमा सडक प्रदर्शन गरिरहेका छन् । डेढ वर्षअघि सरकारसंग भएको सहमति कार्यान्वयनको लागि आम शैक्षिक हडताल गरेर काठमाडौंको माइतीघर देखि बानेश्वर सम्म सडक ढाकेर सरकारलाई खोजी रहेका छन। कहिले टर्च लाइट बालेर, कहिले सिठ्ठी फुकेर त कहिले सडकमा सुतेर आफ्ना माग पूरा गर्न दबाब दिएका छन। संविधान निर्माणको दश वर्ष पुगिसक्दासमेत विद्यालय शिक्षा ऐन जारी गर्न नसक्नु र संसदमा प्रस्तुत भएको डेढ वर्षसम्म पनि त्यसलाई टुंगोमा पुऱ्याउन नसक्नु सरकार र संसदको असफलताको प्रमाण हो । राजनीतिक दलले शिक्षकका मागलाई गम्भीरतापूर्वक लिन नसक्दा शिक्षकहरु पनि प्रतिष्ठाको लडाइँमा उत्रेका छन। सरकारमा रहँदा वास्ता नगर्ने विपक्षमा रहँदा आन्दोलन गर्न उक्साउने दोहोरो चरित्रका कारण सबै काम छाडेर आन्दोलनमा उत्रनुपरेको छ।

शिक्षकहरू स्थानीय तहअन्तर्गत रहन मानिरहेका छैनन् । यो अर्को पेचिलो मुद्दा हो । यसका पनि कारण छन् । सबै स्थानीय तहको योग्यता र क्षमता सुदृढ भइसकेको छैन । विद्यालय तहमा पढाउने शिक्षकहरू मास्टर्स डिग्री, एमफिल गरेका छन् । कैयौँ ठाउँमा १० कक्षा पास नगरेको वडाध्यक्षले शिक्षकलाई आदेश दिन खोज्छन् । काठमाडौंजस्ता शहरमा यसको प्रभाव कम छ तर गाउँगाउँमा वडादेखि पालिकासम्म दलको प्रतिनिधि हुन्छ। उसले शिक्षक र प्रधानाध्यापकलाई दलको चस्माबाट हेर्ने र व्यवहार गर्ने गर्छ । शिक्षामा देखापरेको यस्तो दलीयकरणले शिक्षकलाई झस्काएको हो। शिक्षकको आत्मसम्मानमा धक्का पुऱ्याएको हो।

कतिपय ठाउँमा पालिकाको प्रतिनिधि एउटा पार्टीको हुने र शिक्षक अर्को पार्टीको वा स्वतन्त्र हुँदा पनि समस्या परेको हो । शिक्षक नियुक्तिदेखि सरुवा-बढुवासम्मको अधिकार स्थानीय तहमा दिएपछि त्यहाँका दलका प्रतिनिधिले आफ्नो पार्टीनिकटकालाई प्राथमिकतामा राख्ने भए । यसले स्वतन्त्र वा विपरीत पार्टीको विचार राख्ने शिक्षकलाई अप्ठ्यारोमा पारेको हो। कतिपय ठाउँमा राजनीति गर्न खोज्ने शिक्षकले राजनीति गर्न नपाएका कारण पनि असन्तुष्टि बढेको छ। खासमा शिक्षकले उठाएका मागहरू माग नै होइनन्, विद्यालय शिक्षालाई अलिकति भए पनि व्यवस्थित बनाउने न्यूनतम कुराहरू हुन्, जो सरकार र संसदले नियमित कामको रूपमा उहिल्यै गर्नुपर्थ्यो। शिक्षकको जात नै थोरै लिएर धेरै दिने जात हो। शिक्षण पेसा व्यवस्थित र आकर्षित बनाउने कुरा कक्षा कोठाभित्र पठनपाठनसँग जोडिएको हुन्छ। पेसाप्रति असन्तुष्ट र असुरक्षित महसुस गरिरहेको शिक्षकको नकारात्मक प्रभाव कक्षा कोठामा पोखिन्छ। तसर्थ, शिक्षकको मर्यादा कायम गर्ने, सम्मानित पेसाका रूपमा स्थापित गर्ने, योग्य व्यक्तिलाई आकर्षित बनाउने जिम्मेवारी राज्यको हो । शिक्षकलाई आन्दोलनमा उत्रिन बाध्य पारिनु लाजमर्दो विषय हो।

शिक्षा ऐन जारी भइहाल्दैमा शिक्षामा आमूल परिवर्तन आइहाल्ने त होइन । ऐनले अस्तव्यस्त बनेको विद्यालय शिक्षालाई केही हदसम्म व्यवस्थापन गर्नेछ। शिक्षणलाई सम्मानित र आकर्षित पेसा बनाउन योभन्दा धेरै गर्नुपर्छ। आवश्यकताअनुसार ऐन जारी गर्नपर्ने सरकार र संसदको नियमित काम हो । यसमा देशभरका शिक्षक आफैँ सडकमा उत्रेर ऐन जारी गर्न माग गर्नुपर्ने अवस्था आउनु लज्जास्पद विषय हो । २०२८ सालको पञ्चायतकालीन शिक्षा ऐनद्वारा जेनतेन चलाइएको विद्यालय शिक्षाको व्यवस्थापनका लागि २०४७ सालमा बनेको नयाँ संविधानलगत्तै अर्को ऐन जारी गर्नुपर्ने आवश्यकता थियो । त्यसो नहुँदा शिक्षाको गुणस्तरमा त्यसको नकारात्मक असर पऱ्यो।

दलहरूको ध्यान शिक्षण संस्थामा पार्टी विस्तार गर्नेतिर गयो, शैक्षिक गुणस्तर सुधार्ने र विद्यालयभित्रका समस्या सुरुमै समाधान गर्नेतिर गएन । त्यसले आजको परिस्थिति सिर्जना गरेको हो । सरकारले शिक्षक महासंघलाई वार्तामा बोलाएको छाराजनीतिक दल र संसदीय समितिले चाँडोभन्दा चाँडो विधेयक पारित गर्ने प्रतिबद्धता जनाएका छन। सरकारले विगत जस्तो ढिलाइ गर्ने गरेको हुँदा शिक्षकलाई झस्काएको छासरकार , संसद र राजनीतिक दल ईमान्दार भएर शिक्षकका माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएका छन भने वार्तामा बसेर निकास निकाल्न विलम्ब गर्नु हुँदैन।आन्दोलन गरेर झुकाउँछु भन्ने र छलफलमा गरेर तुहाउँछु भन्ने सोच दुवै पक्षबाट आउनु हुँदैन।लोकतन्त्रमा वार्ता र संवादलाई जोड दिईन्छ। शिक्षकहरु वार्तामा वसेमा माग पूरा गराउन नैतिक दबाब बढ्नेछ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# सामूहिक प्रयासबाट विपद् घटाउन सकिने

**पोखरापत्र संवाददाता**
दमौली, २६ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सामूहिक प्रयासबाट विपद् घटाउन सकिने बताउनुभएको छ।

सशस्त्र प्रहरी बल मनकामना गणले बन्दीपुर गाउँपालिका-४ नयाँपुलमा आज आयोजना गरेको विपद् प्रतिकार्य नमूना अभ्यास कार्यक्रममा सरकारको एक्लो प्रयासबाट विपद् घटाउन नसकिने भएकाले त्यसमा सामूहिक प्रयास आवश्यक छ भन्नुभयो।

मुख्यमन्त्री पाण्डेले विपद्का घटना रोक्न नसकिने भए पनि क्षति घटाउनेतर्फ सबै सचेत हुनुपर्ने बताउनुभयो। विपद्का बेला पहिलो उद्धारकर्ता स्थानीय हुने भएकाले उनीहरूलाई उद्धारसम्बन्धी तालिम दिन आवश्यक भएको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले विपद्का घटनामा सबैले चनाखो हुनुपर्नेमा जोड दिँदै क्षति कम गर्न हरसम्भव प्रयास गर्नुपर्छ भन्नुभयो।

# लेक लागेर पर्यटकको मृत्यु

**पोखरापत्र संवाददाता**
मनाङ, २६ चैत

तिलिचो तालबाट फर्कने क्रममा लेक लागेर एक जना कोरियाली नागरिकको मृत्यु भएको छ । जिल्लाको ङिस्याङ गाउँपालिका-९ थोरोज खोला भन्ने स्थानमा उनको मृत्यु भएको हो।

सोमबार बिहान म्येङोक जोङ नाम गरेका पर्यटकको ज्यान गएको सहायक प्रमुख जिल्ला अधिकारी युवराज अर्यालले राससलाई बताउनुभयो। दिवङ्गत पर्यटकको शव व्यवस्थापन गर्न प्रहरी परिचालन भएको जानकारी पनि उहाँले दिनुभयो। शव सदरमुकाम ल्याएपछि परीक्षण चामेमा गर्ने वा काठमाडौँ पठाउने भन्ने निर्णय गरिने सहायक प्रमुख जिल्ला अधिकारी अर्यालले बताउनुभयो।

# कुमदीनि होम्समा प्रथम एसईई कप सुरु



**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

पोखरा गैह्रापाटनमा रहेको कुमुदिनी होम्स माध्यमिक विद्यालयमा मंगलबारदेखि एसईईका बिद्यार्थी लक्षित प्रथम एसईई कप सुरु भएको छ।

एसईई दियर बसेका बिद्यार्थीको खेलकुदमा आकषर्ण गर्न बिद्यालयले पहिलो पटक उक्त कार्यक्रम आयोजना गरेको विद्यालय संस्थापक अध्यक्ष अशोक पालिखेले बताउनुभयो । प्रतियोगिता अन्तर्गत फुटसलमा ७१ वटा बिद्यालय, छात्रा तर्फको बास्केटवलमा ११ वटा बिद्यालय र छात्र तर्फको बास्केटवल प्रतियोगितामा भने ४३ वटा बिद्यालयहरुको सहभागिता रहेको बिद्यालयले जनाइएको छ । प्रतियोगितामा विभिन्न इभेण्टमा बिजेता टोलीले १५ हजार, उपविजेताले १० हजार र तेश्रो हुनेले ५ हजार साथमा ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएका छन् । यही चैत २९ गतेसम्म संचालन हुने प्रतियोगिताको आज एक समारोहका बिच पोखरा ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा बोल्दै उहाँले कुमुदीनि होम्सले बिद्यार्थीहरुलाई बिदाको समयमा खेलकुद प्रति आकषर्ण गर्न उक्त कार्यक्रम आयोजना गर्नु प्रशंसनिय भएको बताउनु भयो। एसईई दिएका बिद्यार्थीहरुलाई लक्षित गर्दै अध्यक्ष पराजुलीले बिद्यार्थीले आफ्नो इच्छा र चाहाना अनुसारको कोर्ष अध्ययन गर्न आग्रह गर्नु भएको छ।

कसैको कर र दबाबमा बिद्यार्थीलाई उहाँहरुको इच्छा विपरितका कोर्षमा पढाउदा त्यसको नतिजा राम्रो नहुने उहाँको तर्क थियो । आजको खेलमा छात्रा बास्केटबल तर्फ कुमदिनी होम्स मा. वि. र विन्देश्वरी आदर्श मा. वि. छात्र बास्केटबलतर्फ पाँच विद्यालय र फुटसलतर्फ १८ वटा विद्यालयहरू दोस्रो चरणमा प्रवेश गरेको बिद्यालयका शिक्षक सुरेन्द्र सदिच्छाले बताउनुभयो।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/२७

यस कार्यालयमा मिति २०७०/०१/२४ मा कास्की जिल्ला पोखरा ६ मा संचालन गर्ने गरि पुतलीबजार-६, स्याङ्जा निवासी राजकुमार खत्रीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ९०५०/०६९/०७० को होटल नाइस ड्रीम नामक फर्मको प्रोप्राईटरले मिति २०८१/१२/२६ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुंदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुंदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

पर्यटन तथा उद्योग कार्यालय
कास्की

# नागरिकलाई उद्यमशीलतामा जोड्दै हेफर कार्यक्रम

**पोखरापत्र संवाददाता**
वालिङ, २६ चैत



स्याङ्जाको वालिङ नगरपालिकामा सञ्चालित वालिङ कृषि विकास परियोजना नागरिकलाई उद्यमशीलतामा जोड्न सफल भएको छ। नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग र दियालो संस्थाको व्यवस्थापनमा सञ्चालन भईरहेको परियोजनाले साना किसानलाई उद्यमशीलतामा जोड्न सफल भएको हो।

नगरपालिकामा आयोजना गरिएको परियोजना अनुगमन तथा समन्वय समितिको बैठक तथा छलफलमा क्रममा परियोजनाका क्रियाकलाप साना तथा महिला कृषक सम्म पुगेको जानकारी गराईएको हो । नगरपालिकाका एक हजार ६ सय घर परिवारलाई उद्यामशीलतामा जोड्ने योजना सहित सुरु गरिएको परियोजना अन्तर्गत अहिले सम्म एक हजार तीन सय जना घर परिवार आवद्ध भईसकेको परियोजनाका संयोजक राधाकृष्ण डुम्रेले जानकारी दिनुभयो । साना किसानको गोठ सुधार,बाख्राको नस्ल सुधार बेमौसमी तथा मौसमी तरकारी खेती र बजारीकरण लगायतका विषयमा काम गर्दै आएको छ । समीक्षा कार्यक्रममा वालिङ नगरपालिकाका प्रमुख कृष्ण खांणले कार्यक्रम सुरु भएको छोटो अवधीमा नै उत्कृष्ट काम गर्न सफल भएको बताउनु भयो। नागरिक समक्ष पुग्ने कार्यक्रम भएकाले उद्यमशीलताको विकासमा सहयोगी भएको बताउनु भयो। साना किसानलाई उत्पादनमा जोड्न सके मात्रै नागरिक आर्थिक रुपमा सबल र सक्षम हुने नगरप्रमुख खांणको भनाई छ । पालिकाले विभिन्न साझेदार संघसंस्थासँग मिलेर आर्थिक रुपमा सवल बनाउने काम गरिरहेको प्रमुख खांणले बताउनु भयो।

कार्यक्रममा बोल्ने वडा अध्यक्षहरुले परियोजनालाई १४ वटै वडामा बिस्तार गर्न सुझाव दिएका छन् । वडा नं. १ वडा अध्यक्ष तथा नगरप्रवक्ता पदमराज गुरुङले वडा तहका साना किसान तथा महिलालाई उद्यमशीलतामा जोड्न सहयोगी भएको बताउनु भयो। सो अवसरमा वडा अध्यक्षहरु पोतप्रसाद लम्साल,भीम बहादुर गुरुङ,छबिलाल आले,श्यामकृष्ण श्रेष्ठ, पाण्डुकुमार थापा लगायतले महिलालाई उपार्जनमा जोड्न कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो । उहाँहरुले कार्यक्रमको प्रभावकारिता रहेको भन्दै १४ वटै वडामा सञ्चालन गर्नु पर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नगरउपप्रमुख कविता तिवारी गैह्रे, प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदी, विभिन्न वडाका वडा अध्यक्ष लगायतले कार्यक्रमको बारेमा बोल्नु भएको थियो । छलफलमा कार्यपालिका सदस्यहरु, विभिन्न शाखाको प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो। सो अवसर चालु आर्थिक बर्ष २०८१/८२ को फागुन सम्ममा गरिएका क्रियाकलापको बारेमा जानकारी गराईएको परियोजनाका संयोजक राधाकृष्ण डुम्रेले जानकारी दिनुभयो।

# चैते धानखेतीमा किसानलाई आकर्षित गर्न अनुदान

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ चैत

चैते धानखेतीतर्फ किसानलाई आकर्षित गर्ने उद्देश्यले तनहुँमा 'चैते धानखेती प्रवर्द्धन कार्यक्रम' सञ्चालन गरिएको छ । अधिकांश सिञ्चित क्षेत्रका खेतमा चैते धान रोपाइँ जारी रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

केन्द्रले चैते धानखेती प्रवर्द्धन कार्यक्रममार्फत किसानलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरी सहज बनाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो । उहाँले धान आयातलाई कम गराउने लक्ष्यका साथ अनुदानको व्यवस्था गरिएको बताउनुभयो । "चैते धानखेती गर्ने किसानले छाड्ने क्रम बढ्दै गएकाले प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो, उर्वरभूमिमा नै खेती गर्न छाड्दै गएको पाइन्छ", उहाँले भन्नुभयो, "विशेषगरी खेतीयोग्य जमिन बाँझो राख्ने अवस्थामा पुगेपछि यस कार्यक्रमले किसानलाई सहयोग पुग्नेछ।" कृषि पेसामा आकर्षित गर्न पनि यसले टेवा पुग्ने सूचना अधिकारी परियारको भनाइ छ। सूचना अधिकारी परियारका अनुसार कार्यक्रमअन्तर्गत ढुवानी, बीउ, सिँचाइ, उपकरण खरिदमा अनुदानको व्यवस्था गरिएको छ । धानको बीउमा ७५ प्रतिशत र सिँचाइअन्तर्गत कुलो निर्माण र मर्मतमा ८५ प्रतिशत अनुदानको व्यवस्था छ । दुई हजार ९४० रोपनी खेतमा चैते धानखेती गर्न १३ वटा कृषक समूह तथा सहकारी यस कार्यक्रममा समावेश भएका छन् । कार्यक्रमका लागि रु ५० लाख बजेट विनियोजन भएको छ। कृषक समूह तथा सहकार ीसँग सम्झौतासमेत भइसकेको केन्द्रले जनाएको छ। कार्यक्रमअन्तर्गत धान चुट्ने थ्रेसर, खेत जोत्ने मिनीटिलर तथा ट्र्याक्टरमा अनुदानको व्यवस्था गरिएको छ । सिँचाइ (कुलो) निर्माणका लागि रु २० लाख बजेट विनियोजन भएको छ । चैते धान विशेषगरी चिउराका लागि प्रयोग गरिने तर खेत बाँझो हुँदा भारतबाट आयात हुने गरेको सूचना अधिकारी परियारको भनाइ छ । किसानबाट माग धेरै आए पनि बजेट कम हुँदा सबैलाई समेट्न समस्या भएको उहाँले बताउनुभयो । जिल्लाका ठूला फाँट सत्रसय, सेपाबगैंचा, कलेस्ती, पुर्कोट, म्याग्दे, तनहुँसुर, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगे फाँटलगायत स्थानमा रोपाइँ भइरहेको छ। उहाँले भन्नुभयो, "हालसम्म सिञ्चित क्षेत्रको ८५ प्रतिशत चैते धान रोपाइँ सकिएको छ।" केही वर्षयता चैते धानखेती कम हुँदै गएकाले यस कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार बर्सेनि चैते धानखेती घट्दै गएको छ।

अघिल्ला वर्ष छ हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिन्थ्यो । गत वर्ष एक हजार ८०२ हेक्टरमा चैते धानखेती गरिएकामा आठ हजार ७०४ मेट्रिक टन धान उत्पादन भएको थियो। यसैगरी आव २०७९/८० मा दुई हजार ४७० हेक्टर जमिनमा खेती गरिएकामा ११ हजार १८३ मेट्रिक टन धान उत्पादन भएको थियो। चैते धानखेती प्रवर्द्धन कार्यक्रमले धान उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको केन्द्रले जनाएको छ। जिल्लामा करिब ५१ हजार ५५० हेक्टर क्षेत्रफलमा खेतीयोग्य भूमि रहेको छ। त्यसमध्ये छ हजार ३४७ हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ । तेह्र हजार ५८३ हेक्टर सिञ्चित क्षेत्र र सात हजार २३६ हेक्टर क्षेत्रफलमा बेमौसमी सिँचाइ सुविधा रहेको हुँदा अकासे पानीको भरमा पनि किसानले धानखेती गर्छन्।

## डिभिजन वन कार्यालय कास्कीको

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२७**

यस कार्यालयबाट विभिन्न मितिमा बरामद भई कार्यालय तथा मातहतका सव डिभिजन वन कार्यालयहरुमा घाटगद्दी गरिएका वेवारिसे साल चिरान थान २३९ को ६८३.५८ घ.फि., साल गोलिया थान ७ को २०.७७ घ.फि. र चाँप गोलिया थान ३२ को १३४.२८ घ.फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७९ नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका प्रचलित कानून बमोजिम काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका काष्ठ उद्योग/व्यवसायी फर्मले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय कास्कीमा सम्पर्क राख्न सकिने छ।

**डिभिजनल वन अधिकृत**

